# नेपाली भाषाको विकासमा पारसमणि प्रधान

डा. शालिकराम पौड्याल

उपप्राध्यापक

त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस

***लेखसार :*** *प्रस्तुत लेखमा पारसमणि प्रधानले नेपाली भाषाको विकासमा पुऱ्याएको योगदानका बारेमा अध्ययन गरिएको छ । प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ भने सामग्रीको विश्लेषणका क्रममा पाठविश्लेषण विधि अवलम्बन गरिएको छ । प्रधानका निबन्ध, संस्मरण, साहित्यिक पत्रिका, बालोपयोगी साहित्य र पाठ्यपुस्तक, आत्मकथा, भाषाव्याकरण तथा कोशलेखन आदिमा भाषिक चिन्तन पाइन्छ । पारसमणि प्रधानले नेपाली भाषाको स्वरूप निर्धारण, एकीकरण, मानकीकरणका सम्बन्धमा धेरै महत्त्वपूर्ण काम गरी नेपाली भाषालाई विभिन्न तहका पठनपाठनमा ल्याउने, नेपाली साहित्य लेखेर भाषाको सेवा गर्ने र व्याकरण लेखेर नेपाली भाषालाई समृद्ध तुल्याउने काम गरेका छन् । यसै गरी उनले नेपाली भाषाको संरचनात्मक सेवा पनि गरेका छन् । उनको विचारमा जहाँको भए पनि नेपाली भाषा एउटै हो र यसको स्वरूप र मानक रूप एउटै हुन्छ र हुनुपर्छ भन्ने मान्यता राखेका छन् । उनले नेपाली भाषाको विकास र मानकीकरण पुऱ्याएको योगदानको अध्ययन यहाँ गरिएको छ ।*

**शब्दकुञ्जी :** निबन्ध, संस्मरण, व्याकरण, आत्मकथा, भाषिक चिन्तन ।

## विषयपरिचय

पारसमणि प्रधान (१८९८-१९८६) नेपाली भाषासाहित्यका तीनजना वरिष्ठ वाङ्मयसेवी सूधपामध्ये एक पा नामले चिनिने व्यक्ति हुन् । नेपाली साहित्य सम्मेलन, हिन्दी साहित्य समाजका सचिव रहेका प्रधान नेपाली साहित्य समाजका संस्थापकसमेत हुन् । उनले भाषाव्याकरण एवम् कोशसम्बन्धी, भाषासाहित्यसम्बन्धी, साहित्यसम्बन्धी, सम्पादित कृति, अनूदित कृति, पाठ्यपुस्तक, अङ्ग्रेजीका पुस्तकहरू गरी विविध विषयका झन्डै एकसयभन्दा बढी पुस्तकहरू लेखेका छन् । उनले *टिपन-टापन* कृतिका लागि सन् १९६९ सालमा मदन पुरस्कार प्राप्त गरेका हुन् । उनी त्रिभुवन प्रज्ञा पुरस्कार (सन् १९६८), त्रिभुवन विश्वविद्यालयबाट महाविद्यावारिधिको उपाधि (सन् १९७५) तथा उत्तर बङ्ग विश्वविद्यालय दार्जिलिङबाट डी.लिट्. (सन् १९८१) बाट सम्मानित भएका छन् । पारसमणि प्रधान नेपाली भाषाका प्रचारक, विकासक, सुधारक र एक

अविस्मरणीय इतिहास हुन् । उनले नेपाली भाषाको विकासका निम्ति अनुवाद, सम्पादन, व्याकरण लेखन, प्रकाशन, मुद्रणलगायतका महत्त्वपूर्ण कार्यहरू गरेका छन् । उनी भाषा शुद्धिका लागि अहोरात्र खट्ने भाषा संशोधक, भाषालाई मान्यता दिलाउनका लागि पहल गर्ने एक भाषाकर्मी र कुशल संगठक हुन् । तत्कालीन समयमा नेपाली भाषाको विकास र अस्तित्व निर्माणका लागि उनले गरेको सङ्घर्ष नेपाली भाषासाहित्यको स्वर्णिम इतिहास बन्न पुगेको छ । पारसमणि प्रधानले नेपाली भाषाको विकासमा दिएको योगदान र उनको भाषिक चिन्तनका बारेमा अध्ययन गर्नु प्रस्तुत लेखको प्रमुख उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा पारसमणि प्रधानका कृतिहरूलाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा प्रधानका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा पाठविश्लेषण विधि अवलम्बन गरिएको छ ।

## पारसमणि प्रधानको भाषिक योगदान

पारसमणि प्रधान आफू नेपाली भाषी भएर पनि विद्यालय शिक्षा हिन्दीमा लिनु परेका कारण नेपाली भाषाप्रति उनमा प्रेमभाव जागृत भएको देखिन्छ । यसै चेतनाले गर्दा उनले सर्वप्रथम कलकत्ता विश्वविद्यालयमा माध्यमिक तहसम्मको शिक्षा नेपाली भाषाका माध्यमबाट लिन पाउनुपर्छ भनी अनुरोधपत्र सरकारसमक्ष लेखे । फलस्वरूप सन् १९१८ मा कलकत्ता विश्वविद्यालयले माध्यमिक तहसम्म नेपाली भाषालाई मान्यता प्रदान गरेको थियो भने म्याट्रिक, आई.ए. र बी.ए. परीक्षाहरूमा नेपाली भाषा एक स्वभाषाका रूपमा लिन पाउने अधिसूचना जारी गरेको थियो । भारतका विभिन्न स्थानमा प्राथमिक तथा माध्यमिक तहमा नेपाली भाषा पठनपाठनको माध्यम भाषा हुनुमा प्रधानको योगदान रहेको छ । उत्तर बङ्ग विश्वविद्यालयले नेपाली भाषालाई स्नातक तहमा अनर्स र सामान्य नेपाली दिए पनि पारसमणि प्रधान यसबाट सन्तुष्ट नभई स्नातकोत्तर तहमा पनि नेपाली हुनुपर्छ भनी आवाज उठाउने काम गरे । उत्तर बङ्ग विश्वविद्यालयले १९७५ देखि नेपालीमा एम.ए. सम्मको मान्यता दियो र १९७७ देखि नेपाली विद्यार्थीको पढाइ सुरु भएको थियो । नेपाली भाषीले हिन्दी माध्यमबाट पढ्नुपर्दा भोग्नुपरेको भाषिक समस्या, पाठगत सम्प्रेषणात्मक समस्यालाई निराकरण गर्न पारसमणि प्रधानले खेलेको भूमिका नेपाली भाषीका लागि अविस्मरणीय नै रहेको छ । प्रधानले नेपाली भाषालाई साहित्य अकादमीको परिधिमा ल्याउन थुप्रै काम गरेका छन् । उनले उत्तर बङ्ग

विश्वविद्यालयमा नेपाली अकादमी र पश्चिम बङ्गाल सरकारको अकादमी खोल्न ठूलो भूमिका निभाएका थिए । यसै गरी सिक्किम विधान सभामा नेपाली भाषालाई राज्यभाषा घोषित गराउन पनि उनको अदृश्य योगदान थियो भन्न सकिन्छ । भारतीय नेपाली साहित्यको परिप्रेक्ष्यमा बनारसलाई छोडी पूर्वाञ्चलको दार्जिलिङ क्षेत्रबाट साहित्योत्थानको उद्देश्य लिएर साहित्यको निर्माण गर्ने पहिलो व्यक्ति पारसमणि प्रधान हुन् (शर्मा, १९८४, पृ. ११८) । यसरी प्रधानले नेपाली भाषालाई सरकारी, गैरसरकारी विभाग, निकाय र संस्थाहरूमा प्रयोग प्रचलन गराउनका साथै यस भाषालाई प्राथमिक स्तरदेखि माध्यमिक स्तरसम्मकै शिक्षाको माध्यम भाषा बनाउन निकै प्रयत्न गरेको पाइन्छ । नेपाली भाषालाई भारतीय संविधानको आठौँ अनुसूचीमा अन्तर्भूत गर्नुपर्छ भन्ने मागको समर्थनमा प्रधानले अहम् भूमिका निर्वाह गरेका थिए । पारसमणि प्रधान नेपाली भाषा साहित्यको विकासका एक ध्रुवतारा हुन् । पारसमणि प्रधानले नेपाली भाषाको सम्वर्द्धन र विकासका लागि खेलेको भूमिकालाई विभिन्न उपशीर्षकमा केन्द्रित रहेर चर्चा गर्न  सकिन्छ ।

**निबन्धमा भाषिक चिन्तन**

पारसमणि प्रधानले 'अध्यवसाय' (१९१५), 'विद्या' (१९१५), 'हामीहरूको सफलता कसरी प्राप्त हुन्छ?'जस्ता निबन्ध लेखहरू प्रकाशित गरेर लेखनयात्रा सुरु गरेका हुन् । उनका *टिपन-टापन* (१९६९), *क्वाँटी* (१९७२), *काठे झ्याँक्री* (१९७४) निबन्ध तथा प्रबन्धसङ्ग्रह रहेका छन् ।

**टिपन-टापन** (१९६९) :पारसमणि प्रधानका १९१७ देखि १९६९ सम्म लेखिएका र पत्रपत्रिकामा प्रकाशित चौंतीसवटा गद्य रचनाहरू*टिपन-टापन*मा सङ्कलित छन् । यसमा 'गोर्खा भाषा प्रचार', 'नेपाली भाषा र दार्जिलिङ हाइ स्कुल', 'दार्जिलिङ जिल्लामा नेपाली भाषाको विकास', 'मधौरो आमाको जोखना', 'हाम्रो मातृभाषा', 'नेपाली भाषाको अवस्था', 'नेपाली भाषा', 'तानातान', 'मातृभाषा', 'कवि भानुभक्त आचार्य दार्जिलिङमा', 'नेपाली व्याकरणको छोटो इतिहास', 'बाइबलको नेपाली भाषा', 'नेपाली भाषा र साहित्य', 'मातृभाषा र शिक्षा प्रचार', 'नेपालका भिन्नभिन्न भाषा तथा साहित्यको अध्ययन' आदि भाषा विषयक लेखहरू रहेका छन् । अनुसन्धानमुखी विशेषता रहेका यी लेखहरूलाई विद्वान्हरूले नेपाली भाषाका आवरण र आभूषण भनेका छन् (दीक्षित, १९६९, भूमिका) । यी लेखहरूमा दार्जिलिङ भेकमा नेपाली भाषाको विकासको अवस्थालाई वर्णन गरिएको छ ।

**क्वाँटी** (१९७२) : पारसमणि प्रधानका २८ वटा निबन्ध प्रबन्धहरू यसमा सङ्कलित छन् । यसमा 'नेपाली भाषा', 'सुहाउँदो शब्दको प्रयोग', 'आजको गोरखापत्र', 'महाकवि देवकोटाको भाषाशैली', 'क्वाँटी' जस्ता

भाषासाहित्य विषयक निबन्ध प्रबन्धहरू रहेका छन् । यी लेखहरूमा भाषाको सम्बर्द्धनका लागि सचेत हुनुपर्ने विचार प्रकट गरिएको छ ।

**काठे झाँक्री** (१९७४) : पारसमणि प्रधानका १९१५ देखि १९७४ सम्म रचना गरिएका निबन्ध प्रबन्धहरू यसमा सङ्कलित रहेका छन् । यसमा 'रमाइलो सम्झना', 'दार्जिलिङमा नेपाली पद्यसाहित्यको विकास', 'काशी भाषे बोली', 'अनेपालीहरूको देन', 'स्व.लक्ष्मीप्रसाद देवकोटा', 'स्वर्णजयन्ती', 'अर्धशताब्दी अघिको कुरा' आदि भाषासाहित्य विषयक लेखहरू रहेका छन् । प्रधानका यी निबन्ध प्रबन्धहरूमा जातीय उन्नयनका लागि भाषिक, साहित्यिक र शैक्षिक सुधारको चेत हुनुपर्ने विचार प्रकट भएको छ ।

पारसमणि प्रधानले नेपाली भाषाको उन्नयन, विकास र प्रवर्द्धनका लागि प्रकट गरेका धारणाहरू भाषा विकासका सन्दर्भमा महत्त्वपूर्ण रहेका छन् । उनले नेपाली भाषाका बारेमा राखेको धारणा यस्तो रहेको छ :

> नेपाली भाषा खस बाहुनहरूको मात्र भाषा होइन, यो कामी, दमाई र सार्कीको मात्र भाषा पनि होइन । यो त एँगल्स र जुटहरूका बोलीको सम्मिश्रणले अङ्ग्रेजी भाषाको उत्पत्ति भएझैँ समयसमयमा सयकडौँ वर्षमा धेरै बोलीहरूको सम्मिश्रणले बनेको एउटा नयाँ भाषा हो । यो नेपाली भाषा कुनै निश्चित जातको पेवा होइन यो त समस्त नेपाली जातिको मातृभाषा हो (बराल, २०५५, पृ. २४१) ।

प्रधानको उपर्युक्त भनाइका आधारमा हेर्दा नेपाली भाषा संस्कृत भाषाबाट प्राकृत र अपभ्रंश हुँदै विकास भएको तथा यसको विकासमा लामो समय लागेको र सबै नेपाली जातिको साझा र सम्पर्क भाषा बन्न पुगेको तथ्य स्पष्ट भएको छ ।

## संस्मरणमा भाषिक चिन्तन

पारसमणि प्रधानका संस्मरणात्मक कृतिहरूमा *रोचक संस्मरण* (१९६९), *काठमाडौँमा दस दिन* (१९७५), *रमाइलो सम्झना खरसाङको* (१९७८), *मेरो काठमाडौँ यात्रा* (१९८४) रहेका छन् । प्रधानले संस्मरणहरूमा जीवनका अनुभूतिहरूबाट निःसृत भावचिन्तनलाई मात्र अभिव्यक्त नगरेर नेपाली सामाजिक दर्शन, रीतिथिति र खासगरी दार्जिलिङ भेकमा नेपाली भाषासाहित्य तथा शिक्षाको प्रारम्भिक अवस्था र तिनको क्रमिक विकाससम्बन्धी तथ्यहरू प्रस्तुत गर्ने प्रयास गरेको देखिन्छ (अधिकारी, १९७५, पृ.१०३) । प्रधानका भाषासाहित्य र शिक्षासम्बन्धी संस्मरणहरूमा 'पाठ्यपुस्तकको श्रीगणेश', 'मेरो भुल', 'मेरो अर्को

भुल', 'एक घण्टा थुनिएँ', 'दार्जिलिङमा नेपाली व्याकरणको प्रचार', 'पादरी ओग र नेपाली भाषा', 'साहित्य अकादमीका विशेषज्ञहरूको सभामा', 'नेपाली पाठ्यपुस्तकको विरोध', 'नेपाली पहाडिया' आदि रहेका छन् । प्रधानका संस्मरणमा जीवनका अतीतातीत विभिन्न अविस्मरणीय घटना प्रसङ्गहरू त छँदै छन् त्यसका अतिरिक्त आफूले भाषिक विकासका लागि चालेका पहल कदमी तथा खरसाङबाट *चन्द्रिका* (१९१८-१९१९) पत्रिका प्रकाशन सम्पादन गर्दाका यथातथ्य कुराहरूलाई प्रमाणसहित संस्मरणमा उल्लेख गरेका छन् ।

**साहित्यिक पत्रिकामा भाषिक चिन्तन**

पारसमणि प्रधानले *चन्द्रिका* (१९१८-१९१९) र *भारती* (१९४९-१९५८) साहित्यिक पत्रिकाको सम्पादन गरेका छन् । प्रधानद्वारा सम्पादित *चन्द्रिका* पत्रिकाको पहिलो वर्ष बाह्र अङ्क, दोस्रो वर्ष आठ अङ्क छापिएका छन् । दुई वर्षको अवधिमा बीस अङ्क छापिएका *चन्द्रिका*मा कविता, गजल, गीत, समस्यापूर्ति, लेखनिबन्ध, प्रबन्ध, जीवनी परिचय, व्यङ्ग्य, नाटक, कथा, सम्पादकीय, पुस्तक परिचय, सम्पादकलाई पत्रलगायतका १७ किसिमका गरी १०४ रचना प्रकाशित भएका छन् । त्यस्तै *भारती* मासिक पत्रिका नौ वर्षसम्म १०८ अङ्क प्रकाशित भएको पाइन्छ । यसका कतिपय अङ्कहरूआदिकवि भानुभक्त अङ्क, महिला अङ्क, साहित्य गोष्ठी अङ्क, रूपनारायण सिंह अङ्क, आदर्श कथा विशेषाङ्क गरी पाँचओटा विशेषाङ्कका रूपमा समेत प्रकाशित भएका छन् । *भारती* पत्रिकामा कविता, लेख निबन्ध, कथा, समालोचना, जीवनी परिचय, पत्र साहित्य, संस्मरण, नाटक, उपन्यास, अन्तर्वार्ता, पुस्तक परिचय, पाठक प्रतिक्रिया, सम्पादकीय गरी १८०१ ओटा रचना प्रकाशित भएका पाइन्छन् । प्रधानद्वारा सम्पादित यी दुवै पत्रिकामा नेपाली भाषाका साहित्यिक रचना, भाषासम्बन्धी लेखहरू प्रकाशित भएका छन् । यिनले नेपाली भाषाको सम्वर्द्धन र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

बिस वर्षको उमेरदेखि नै नेपाली भाषासाहित्यको सेवा गर्ने उद्देश्य लिएर *चन्द्रिका* साहित्यिक पत्रिकाको सम्पादन गरेका पारसमणि प्रधान दार्जिलिङ भेकमा नेपाली भाषासाहित्यको घडेरी निर्माण गर्ने प्रथम व्यक्ति भनेर रामकृष्ण शर्माले टिप्पणी गरेका छन् । *चन्द्रिका* पत्रिकाबाट प्रधानले नेपाली भाषाको लेखाइमा एकरूपताको आन्दोलनसमेत सुरु गरेका थिए ।

पारसमणि प्रधानले नेपाली भाषालाई विद्यालयहरूमा शिक्षाको माध्यम भाषाका रूपमा स्वीकृत गराउने एक मापदण्डका रूपमा नेपाली पत्रिकाको खाँचो बोध गरी *चन्द्रिका* पत्रिका र त्यसको ३० वर्षपछि *भारती* पत्रिकाको सम्पादन गर्ने काम गरेका थिए । यी पत्रिकाले तत्कालीन नेपाली साहित्यको विविध विधालाई

विकसित तुल्याउन कैंयन पुराना एवम् स्थापित साहित्यकार तथा नवोदित लेखकहरूलाई साहित्यलेखनमा प्रोत्साहित गर्ने काम गरेका छन् । *भारती* पत्रिका नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा एउटा उपलब्धि हो । यसमा इतिहास, कला, विज्ञान, लोकसंस्कृति, दर्शन, मनोरञ्जन, व्यङ्ग्य, नाटक, कथा, कविता, निबन्ध, प्रबन्ध, लेख, समालोचना आदि विविध विषयक रचनाहरू प्रकाशित भएकाले *भारती* पत्रिकाले नेपाली साहित्यको प्रगतिशील स्वरूपको चिनारी दिन सक्षम रहेको छ (सुन्दास, १९७६, पृ. ८६-८७) । नेपाली भाषाको लेखाइमा निकै हदसम्म एकरूपता ल्याउन यी पत्रिकामार्फत् प्रधानले प्रयास गरेका छन् । यसले भाषाको शुद्ध रूपको प्रयोगतर्फ ध्यान दिन लेखक, कवि, विद्यार्थी वर्ग र जनसाधारणलाई मार्ग निर्देश गरेको छ । *चन्द्रिका* पत्रिकाको प्रकाशनदेखि नै हाम्रो भाषाको नाम नेपाली भाषाका रूपमा चल्न थालेको हो । यस अघि नेपाली भाषाको सर्वमान्य नाम थिएन, खस कुरा, गोर्खा भाषाजस्ता नामले पुकारिने गरिन्थ्यो । प्रधानले पत्रपत्रिका एवम् पाठ्यपुस्तकको सम्पादन गरेर आफ्नो प्रतिभाको परिचय दिनुका साथै नेपाली भाषासाहित्यमा रुचि राख्ने लेखक पाठकहरूलाई नेपाली भाषासाहित्यको रसास्वादन गराएका छन् अनि नेपाली भाषासाहित्यलाई गति प्रदान गरेका छन् ।

**बालोपयोगी साहित्य र पाठ्यपुस्तकमा भाषिक चिन्तन**

पारसमणि प्रधानको बालोपयोगी साहित्य र पाठ्यपुस्तकहरूमा *नेपाली पहिलो किताब, नेपाली साउँ अक्षर, नेपाली साहित्य भाग १-४, नेपाली साहित्य कथामाला, नयाँ साउँ अक्षर, नेपाली सजिलो साहित्य भाग १-४, नेपाली साहित्य भाग ५-६, नेपाली साहित्य कथा भाग १-३, नेपाली साहित्य परिचय भाग १-२, मेरो पहिलो किताब, नेपाली साहित्य भारती भाग १-२, पहिलो शिक्षा, दोस्रो शिक्षा, तेस्रो शिक्षा, चौथो शिक्षा, पाँचौँ शिक्षा, नेपाली साहित्य शिक्षा* आदि थुप्रै पुस्तकहरू रहेका छन् ।

प्रधानका *नेपाली साउँ अक्षर, नयाँ साउँ अक्षर, मेरो पहिलो किताब*मा वर्ण र अक्षरहरूलाई चित्रका माध्यमबाट चिनाउने र बालबालिकालाई बालसाहित्यतर्फ रुचि जगाउने चेष्टा गरेको देखिन्छ । नेपाली पाठ्यपुस्तक निर्माण गर्ने महत कार्य गरेका प्रधानले शिशु श्रेणीदेखि लिएर उच्च श्रेणीसम्मका निम्ति पाठ्यपुस्तक निर्माण गरेका छन् । नेपालीको सरल पाठ मात्र नभई व्याकरण, बीजगणित, अङ्कगणित, इतिहास, भूगोल, विज्ञान, रेखागणित जस्ता सबै विषयमा पाठ्यपुस्तक लेखेर तत्कालीन आवश्यकता पूर्ति गरेका हुन् । उनले नेपाली नेपाली पाठ्यपुस्तकको आवश्यकता मात्र पूर्ति गरेनन् बरू यसको भण्डार पनि भरिदिए (पौड्याल, २०१६, अगस्ट १९) । प्रधानले साना बालबालिकालाई भाषा सिकाउनका निम्ति रोचक

ढङ्गबाट विषयवस्तुलाई प्रस्तुत गरेका छन् साथै बालबालिकालाई अनुशासन, दृढसङ्कल्प, धैर्य, संयम, सत्य, साहस, मातृपितृभक्ति र राष्ट्रभक्तिजस्ता शिक्षा दिने प्रयास गरेका छन् ।

पारसमणि प्रधानले पाठ्यपुस्तकको निर्माण गरेर एकातिर शैक्षिक खाँचो पूरा गरे भने अर्कातिर बालसाहित्यको रचना गरेर बालसाहित्य विधाको विकासमा सहयोग पुऱ्याए । उनका पाठ्यपुस्तक एवम् बालसाहित्यले नेपाल र भारतको लेख्य नेपाली भाषामा एकरूपता ल्याउन सेतुको काम गरेको छ (त्रिपाठी, २०४३, पृ.६३) । यसरी नेपाली भाषा पठनपाठनको माध्यम भाषा बनेपछि प्रधानले विभिन्न तहका पाठ्यपुस्तक लेखेर नेपाली भाषालाई सबल बनाउने प्रयत्न गरेको देखिन्छ ।

**आत्मकथामा भाषिक चिन्तन**

पारसमणि प्रधानको *आफ्नो बारे* (१९६३) आत्मकथा हो । यसका अतिरिक्त उनका 'म', 'पारसमणि प्रधानको सङ्क्षिप्त जीवनी', 'आफ्नो कथा आफैँ लेख्दा' परिचयात्मक रूपमा लेखिएका आत्मकथाहरू हुन् । प्रधानले *आफ्नो बारे* आत्मकथामा १९१३-१९२६ सम्मको आफ्नो भाषिक, साहित्यिक र शैक्षिक कार्यकलापको वर्णन गरेका छन् । यसमा दार्जिलिङ भेकमा नेपाली भाषासाहित्य र शिक्षाको विकासका लागि गरेका प्रारम्भिक कार्यहरूलाई विषयका रूपमा प्रस्तुत गरिएको छ (प्रधान, २०४०, पृ. १६२-१६३) । उनका अन्य परिचयात्मक आत्मकथामा पनि नेपाली भाषासाहित्य र शिक्षाको विकासका लागि आफूले जीवनकालमा गरेका कार्यहरूलाई नै वर्णन गरेका छन् ।

**भाषाव्याकरण तथा कोशलेखन र भाषिक चिन्तन**

पारसमणि प्रधान नेपाली भाषाव्याकरणको लेखनमा सक्रिय व्यक्ति हुन् । उनका एकल र सहलेखनमा तयार भएका व्याकरणका पुस्तकहरूमा *सजिलो नेपाली व्याकरण* (१९३५), *नेपाली रचना कुसुम* भाग १ (नगेन्द्रमणि प्रधानको सहलेखन), *नेपाली हाम्रो भाषा* (१९५२), *नेपाली रचना भारती* भाग १ र २ (अमरमणि प्रधानको सहलेखन १९५४), *नेपाली भाषाको उत्पत्ति र विकास* (१९६१),*नेपाली व्याकरणको परिवर्द्धित र वर्तमान रूप* (१९७०), *व्याकरणको दन्त्यकथा* (१९७०), *नेपाली व्याकरण भारती* (१९५४ नगेन्द्रमणि प्रधानको सहलेखन), *प्राथमिक नेपाली व्याकरण* (१९५४), *प्रवेशिका व्याकरण र रचना* (१९५५, टीकाराम शर्माको सहलेखन), *नेपाली व्याकरण* (१९७०), *माध्यमिक नेपाली व्याकरण र रचना* (१९८२) आदि रहेका छन् । प्रधानको भाषाको व्याकरणमा समयोचित हेरफेर हुनुपर्छ र यो जीवित भाषाको लक्षण हो भन्ने मान्यता राख्ने पारसमणि प्रधान आफ्नो जीवनकालभरि भाषाको एकरूपताका लागि सङ्घर्ष गरिरहे ।

पारसमणि प्रधानले भाषाको व्याकरणमा समयोचित हेरफेर हुनु जीवित भाषाको लक्षण भएकाले नेपाली भाषाको व्याकरणका नियममा पनि समय समयमा धेरथोर हेरफेर भइरहनु पर्छ भन्ने मान्यता राखेका छन् । भाषाका सम्बन्धमा पारसमणि प्रधानको भनाइ यस्तो रहेको छ :

> नेपाली भाषा खस-बाहुनहरूको मात्र भाषा होइन, यो कामी, दमाई र सार्कीको मात्र भाषा पनि होइन । यो त एँगल्स र जुटहरूका बोलीको संमिश्रणले इङ्लिस (अङ्ग्रेजी) भाषाको उत्पत्ति भए झैं समय समयमा सयकडौं वर्षमा धेरै बोलीहरूको संमिश्रणले बनेको एउटा नयाँ भाषा हो । यो नेपाली भाषा कुनै निश्चित जातको पेवा भाषा होइन् यो त समस्त नेपाली जातिको नेपाली मातृभाषा हो । (पौड्याल, २०१६, अगस्ट १९)

नेपाली भाषा नामको निम्ति पारसमणि प्रधानले मासिक पत्रिका चन्द्रिकाको माध्यमबाट पनि धेरै प्रयास गरेका थिए । चन्द्रिकाको प्रकाशनदेखि नै भाषाको नाम नेपालीका रूपमा चल्न थालेको हो । यस अघि नेपाली भाषाको सर्वमान्य एउटै नाम थिएन ।

नेपाली शब्दकोशको निर्माणमा पारसमणि प्रधानको ठूलो योगदान छ । कलकत्ता विश्वविद्यालयका रजिस्टारले नेपाली भाषाको शब्दकोश नभएको टिप्पणी गरेपछि उनले विभिन्न तहका विद्यार्थीका लागि उपयोगी हुने नेपाली शब्दकोश तयार पारे । उनका *दि न्यु स्ट्यान्डर्ड डिक्सनरी : अङ्ग्रेजी-नेपाली* (१९७०), *नेपाली पारिभाषिक शब्दकोश* (१९८२), *नेपाली चल्ती उखान* (१९५४) र *नेपाली मुहावरा* (१९५४) आदि रहेका छन् । यसका साथै अङ्ग्रेजी नेपाली, नेपाली अङ्ग्रेजीजस्ता बहुभाषिक गरी लगभग आठओटा जति शब्दकोश तयार पारेर नेपाली भाषालाई समृद्ध तुल्याउने काम पारसमणि प्रधानले गरेको देखिन्छ ।

**निष्कर्ष**

पारसमणि प्रधानले गरेको नेपाली भाषाको सेवालाई स्तरगत सेवा र संरचनात्मक सेवा दुईवटा वर्गमा वर्गीकरण गर्न सकिन्छ । भाषाको स्तरगत सेवाअन्तर्गत नेपाली भाषालाई सरकारी तवरमा विभिन्न तहमा पठनपाठनको निम्ति मान्यताको निम्ति आवेदन आदि गरी उपलब्धि हासिल गराएका हुन् । उनको एक्लो र सामूहिक प्रयासले गर्दा समग्र नेपाली समाजले नै सफलता हासिल गरेका थियो । नेपाली भाषाको संरचनात्मक सेवाअन्तर्गत नेपाली भाषाको स्वरूप निर्धारण, एकीकरण, मानकीकरणसम्बन्धमा धेरै काम गरेका छन् । पारसमणि प्रधानले नेपाली भाषाको स्वरूप निर्धारण, एकीकरण, मानकीकरणका सम्बन्धमा धेरै महत्त्वपूर्ण काम गरेका छन् । जहाँको भए पनि नेपाली भाषा एउटै हो र यसको स्वरूप तथा मानक रूप

एउटै हुन्छ र हुनुपर्छ भन्ने विचार राख्ने प्रधानले कथ्य भाषामा विभिन्न रूप भए पनि मूल स्वरूप एउटै हुन्छ भन्ने मान्यता राखेका थिए । संस्कृतबाट जन्मेको नेपाली भाषामा एकातिर अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव र हिन्दी व्याकरणको बोलबाला भएको समयमा नेपाली व्याकरण लेखेर मानकीकरण गर्ने प्रयास उनले गरेका थिए । नेपाली भाषाको उद्भव र विकाससम्बन्धी चिन्तन गर्ने चिन्तक, नेपाली भाषालाई विभिन्न तहका पठनपाठनमा ल्याउन सफल योद्धा, नेपाली भाषालाई भारतीय संविधानमा मान्यताका निम्ति लडिएको सङ्ग्रामका धेरै योद्धामध्येका एक सङ्ग्रामी, नेपाली साहित्य लेखेर भाषाको सेवा गर्ने साधक, नेपाली व्याकरण लेखेर नेपाली भाषालाई समृद्ध तुल्याउने एक वैयाकरणका रूपमा उनको योगदानलाई मूल्याङ्कन गर्न सकिन्छ । पारसमणि प्रधान बहुआयामिक व्यक्ति हुन् । निबन्ध, संस्मरण, आत्मकथा, पाठ्यपुस्तक, व्याकरण, कोश आदिको लेखनमा सक्रिय रहेर नेपाली भाषाको श्रीवृद्धि र उन्नयनमा उनले पुऱ्याएको योगदान सम्पूर्ण नेपाली भाषीहरूका लागि अविस्मरणीय रहेको छ । तत्कालीन समयमा परिस्थिति जटिल र नेपाली भाषाप्रतिको दृष्टिकोण प्रतिकूल हुँदाहुँदै पनि आफ्नो भाषाको विकासका लागि उनले देखाएको सक्रियता र पहलकदमीले आज विश्वका सम्पूर्ण नेपाली भाषी र नेपाली जातिको शिर उँचो भएको छ र आफ्नो भाषा समृद्ध छ भन्ने सौभाग्य प्राप्त भएको छ । नेपाली भाषालाई पुष्पित र पल्लवित तुल्याउने कार्यमा प्रधानले देखाएको सचेतता र उनले पुऱ्याएको योगदान नेपाली भाषीको मस्तिष्कमा चिरकालसम्म रहिरहनेछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, रामलाल (१९७५), *नेपाली निबन्धयात्रा,* दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका ।

त्रिपाठी, वासुदेव (२०४३), पारसमणि प्रधानको सम्झना, *रत्नश्री,* सम्पा.मदनदेव भट्टराई, वर्ष २४, अङ्क २।

दीक्षित, कमल (१९६९), कमल फूल, *टिपन टापन,* कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन ।

पौड्याल, नवीन (सन् २०१६, अगस्ट १९), भाषासेवीका रूपमा पारसमणि प्रधान, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya.

प्रधान, नगेन्द्रमणि (१९९१), *डा. पारसमणिको जीवनयात्रा,* दार्जिलिङ : डा. पारसमणि प्रकाशन ।

प्रधान, पारसमणि (१९६९), *टिपन टापन,* कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन ।

प्रधान, भिक्टर (२०४०), *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, शिव (सम्पा. १९८४), *पारसमणि प्रधान अभिनन्दन ग्रन्थ,* गान्तोक : गान्तोक प्रकाशन ।

बराल, ईश्वर (सम्पा.२०५५), *सयपत्री,* ललितपुर : साझा प्रकाशन ।

योञ्जन, जस (१९९५), चन्द्रिका नेपाली मासिक पत्रिका : परिचायिक चर्चा, *समयाङ्कन,* सम्पा. घनश्याम नेपाल र कुमारबहादुर जोशी, वर्ष १, अङ्क १ ।

शर्मा, रामकृष्ण (१९८४), दार्जिलिङ क्षेत्रमा नेपाली साहित्यको पृष्ठभूमि र जन्म, *हाम्रो कुलैनबारी,* सम्पा. जङ्ग गुरुङ, पूर्णाङ्क ६-७ ।

सुन्दास, लखीदेवी (सम्पा. १९७६), *अकादमी निबन्धावली,* दार्जिलिङ : नेपाली अकादमी उत्तर बङ्ग विश्वविद्यालय ।